**विज्ञापन व्यवसायलाई पारदर्शिता कायम गरौं**

- विज्ञापनको कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञान बोर्डमा सूचीकरण गरौं।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
- सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बिलबाट मात्र भुक्तानी गरौं, गराऔं।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ पुस १३ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 28 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२०

## चालू पूँजी कर्जा निर्देशिकाको विरोध गर्दै प्रदर्शन

# वीरगंजका पसलमा विरोध ब्यानर झुन्ड्याइयो

प्रस, वीरगंज, १२ पुस/
नेपाल राष्ट्र बैंकको चालू पूँजी कर्जा व्यापारीले हातमा कालोपट्टी बाँधेर विरोध गरेका थिए । सङ्घबाट निकालिएको उनले मुलुक आर्थिक सङ्कटतर्फ उन्मुख भइरहेको बताउँदै तत्कालै चर्को ब्याजदर ऐक्यबद्धता जाहेर गर्न अध्यक्ष गुप्ताले आह्वान गरेका छन्।



तस्वीरः प्रतीक







निर्देशिका तथा बैंकको बढ्दो ब्याजदरका विरुद्ध वीरगंज उद्योग वाणिज्य सङ्घ हिजोदेखि आन्दोलनमा उत्रिएको छ । राष्ट्र बैंकको गलत आर्थिक नीतिले बजार र व्यवसाय ध्वस्त भएको भन्दै वीरगंज उद्योग वाणिज्य सङ्घको अगुवाइमा मङ्गलवार पनि वीरगंजमा प्रदर्शन भयो ।

चालू पूँजी कर्जा निर्देशिकाको विरोधमा आज बजारका पसलहरूमा ब्यानर झुन्ड्याउनुका साथै उद्योगी, विरोध जुलुस घण्टाघरमा कोणसभा गरी समापन भएको थियो ।

कोणसभामा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले राष्ट्र बैंकको गलत मौद्रिक नीति र फितलो अनुगमनका कारण वाणिज्य बैंकहरूले बजारमा तरलताको अभाव देखाएर मनोमानी किसिमले ब्याज बढाएको आरोप लगाए । उनले यसै विषयलाई लिएर देशभरका उद्योगी, व्यापारीहरू सडकमा ओर्लनुपरेको बताए। र चालू पूँजी कर्जा निर्देशिका खारेज गर्न माग गरे । उनले व्यावहारिक र निजीक्षेत्रमैत्री प्रावधान ल्याउन आग्रह गरे। यसअघि सङ्घका पदाधिकारी, सदस्यहरू सहभागी भएर वीरगंज बजारका पसलहरूमा विरोध ब्यानरहरू झुन्ड्याइएको थियो ।

आन्दोलनको कार्यक्रम अनुसार भोलि बुधवार पुस १३ गते राष्ट्र बैंक वीरगंज शाखाअगाडि धर्ना कार्यक्रम रहेको र सो कार्यक्रममा सबै उद्योगी, व्यापारीलाई

## प्रयोगशाला स्थापनाका लागि पालिकालाई रकम भुक्तान

ओमप्रकाश चौधरी, सेढवा, १२ पुस/
पर्साका तीनवटा पालिकाले सुविधायुक्त प्रयोगशाला स्थापनाका लागि सम्झौता भई प्रयोगशाला स्थापनाका उपकरणहरू हस्तान्तरण गरिएको जीराभवानी गापाका प्रमुख प्रशासकीय




तस्वीरः प्रतीक

एक करोड २० लाख मूल्य बराबरका सामग्रीहरू पाएका छन् ।

जीराभवानी, जगरनाथपुर र पटेर्वासुगौली गाउँपालिकामा प्रयोगशाला स्थापनाका लागि मधेस प्रदेश सरकारको प्रदेश प्रयोगशाला जनकपुरले ती गापाहरूलाई जनही ६० लाख बराबरका सामानहरू पठाएको हो।

प्रदेश स्वास्थ्य प्रयोगशाला, जनकपुरधाम र जीराभवानी, जगरनाथपुर तथा पटेर्वासुगौली गापाबीच अधिकृत प्राण मेहताले बताए। प्रयोगशाला सञ्चालनका लागि प्रदेश स्वास्थ्य प्रयोगशाला, जनकपुरधामले जनशक्ति पठाउने र अहिले तत्कालका लागि भने सम्बन्धित पालिकाहरूले कर्मचारी व्यवस्थापन गर्ने कुरा भएको अधिकृत मेहताले जानकारी गराए ।

यसअघि पटेर्वासुगौली गापा-२ र ५ गरी दुई स्थानमा र जीराभवानी र जगरनाथपुर गापाले एक/एक स्थानमा प्याथोलोजी सेवा प्रदान गर्दै आएका थिए।

## एसएसबीको क्याम्पबाट चोरी भएको हतियार बरामद

रामेश्वर मेहता, सिम्रौनगढ, १२ पुस/
सीमावर्ती भारतको कोइरा गाउँस्थित



चोरी भएको गोलीगट्ठा बरामद गरी फर्कंदै सुरक्षाकर्मी । तस्वीरः प्रतीक

दशगजा क्षेत्रमा परालले लुकाएर राखिएको अवस्थामा भारतीय सीमा सुरक्षा बल (एसएसबी)को गिरिघाट बोर्डर आउट पोस्टबाट चोरी भएको गोलीगट्ठा बरामद भएको छ ।

सोमवार साँझ ७ बजे एसएसबीको गिरिघाट बोर्डर आउट पोस्टबाट एक थान कार्बाइन, एक थान म्यागजिन र ३५ थान गोली चोरी भएको थियो । ब्यागमा राखिएको सो गोलीगट्ठा कोइरा गाउँस्थित दशगजा क्षेत्रमा परालले लुकाएर राखिएको अवस्थामा बरामद भएको हो । हिजो सो सामान पोस्टबाट चोरी भएपछि सीमावर्ती क्षेत्रको आवतजावत बन्द गरिएको थियो ।

एसएसबीले यसबारेमा नेपाल प्रहरीलाई सूचित गरेपछि इलाका प्रहरी कार्यालय, सिम्रौनगढ र सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट, गोलागंजका संयुक्त टोली पनि चोरी भएको हतियारको खोजीमा जुटेको थियो। दुवैतर्फका सुरक्षाकर्मीहरूले घेरा हालेर चेकजाँच कडा गरेको र सीमानाकाबाट आवतजावत बन्द गरिएका कारण चोरले सो सामान दशगजा क्षेत्रमा परालले लुकाएर भागेको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

इप्रका, सिम्रौनगढका प्रहरी निरीक्षक देवराज काफ्लेले चोरी भएको हतियार दशगजा क्षेत्रबाट बरामद भएको बताए। चोरी भएको हतियार बरामद भएपनि अपराह्न ४ बजेसम्म सीमानाका बन्द थियो ।

## पोखरिया अस्पतालमा साढे २२ लाखको औषधि आयो

दिनेश मिश्र, वीरगंज, १२ पुस/
स्वास्थ्य मन्त्रालयले कोरोनाबाट सावधानी अपनाउन सूचना जारी गरेपछि पुगेर पोखरिया अस्पतालका लागि अति आवश्यक औषधिहरू बुझेर ल्याएका छन्।




पोखरिया अस्पतालमा आइपुगेको औषधि । तस्वीरः प्रतीक

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहान र प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार टेकुस्थित व्यवस्थापन महाशाखा तथा औषधि स्टोर, काठमाडौं

पोखरिया अस्पतालका लागि अति आवश्यक औषधिहरू पारासिटामोल ५० हजार ट्याबलेट, अक्सिजन कन्सेन्टेटर पाँच लिटरको १० थान, मास्क १० हजार थान, सेनिटाइजर ७५ थान, नेबुलाइजर मेशिन १० थान, पल्स अक्सिमिटर ह्यान्ड हेल्ड १० थान, पल्स अक्सिमिटर स्पट चेक ५० थान, डिजिटल रक्तचाप मेशिन १० थान, म्यानुअल रक्तचाप सेट २० थान, थर्मामिटर ५० थान, क्लोरोहेक्सिडिन जेल १० हजार थान, ओरल रेहाइडेरेशन साल्ट पाउडर पाँच हजार प्याकेट, पोर्टेबल युएसजी मेशिन १ थान गरी करीब रु २२ लाखका उपचारजन्य सामग्री पोखरिया अस्पतालमा आइपुगेको प्रमुख प्रशासकीय अधिकृत रौनियारले बताए ।

कोरोनोको नयाँ स्वरूप बिएफ-७ आएको र सो सम्बन्धमा सचेत हुन र औषधि आदिको तयारी गर्न निर्देशन आएपछि आफू नगरपालिकाको गाडी लिएर काठमाडौं पुगेर आवश्यक औषधिहरू लिएर आएको नगरप्रमुख चौहानले बताए । उनले नगरपालिका र आसपासका पालिकाहरूलाई कोरोनासम्बन्धी सचेतना कार्यक्रमका कर्मचारीहरूको आपत्कालीन बैठक डाकेको पनि बताए । उनले कोरोना मापदण्ड पूरा गर्न सबैलाई आह्वान पनि गरेका छन् ।

## क्रिकेटर लामिछाने प्रकरणमा नारायणी अस्पतालले स्रेस्ता पठाउनुपर्ने

प्रस, वीरगंज, १२ पुस/
क्रिकेटर सन्दीप लामिछाने प्रकरणमा नारायणी अस्पताल, वीरगंजले स्रेस्ता पठाउनुपर्ने भएको छ । सन्दीपविरुद्ध जाहेरी दिने किशोरीको वास्तविक उमेर यकीन गर्न नारायणी अस्पतालले जन्म स्रेस्ता उतार गरी पठाउनुपर्ने भएको हो।

जन्म विवाद समाधान गर्न उनको जन्म भएको भनिएको अस्पतालबाट कागजात झिकाउन अदालतले आदेश दिएको छ। मङ्गलवार काठमाडौं जिल्ला अदालतका न्यायाधीश हिमलाल बेल्बासेको एकल इजलासले अस्पतालबाट जन्म दर्ताको कागजात झिकाउने आदेश दिएको लामिछानेतर्फका वकील सरोजकृष्ण घिमिरेले बताएका छन् ।

अदालतको आदेशमा किशोरीको जन्म भएको भनिएको नारायणी अस्पताल, वीरगंजबाट रेकर्डको कागजात झिकाउनु भनेको छ, अधिवक्ता घिमिरेले बताए ।

किशोरीको जन्म हुँदा उनीहरूको परिवार वीरगंजमा रहेको र नारायणी अस्पतालमा किशोरीको जन्म भएको दाबी सन्दीप पक्षका वकीलको दाबी छ। किशोरीको जन्म २०६१ जेठ १८ गते बिहान ६ बजे भएको दाबी गर्दै किशोरीको उमेर घटना भएको भनिएको मितिमा १८ वर्ष पुगिसकेको सन्दीप पक्षले जिकिर गरेको छ । यसअघि पीडित भनिएकी किशोरीको जन्मदर्तालाई लिएर जन्म मितिबारे अन्योल सिर्जना भएको हो ।

अदालतको पछिल्लो आदेशले लामिछाने प्रकरणमा मुद्दा कुन मोडमा जान्छ भन्नेबारे नारायणी अस्पतालको स्रेस्ता मुख्य प्रमाण हुने सङ्केत देखिएको छ ।

मङ्गलवारकै आदेशमा किशोरीको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकलाई पनि बकपत्रका लागि बोलाउने आदेश भएको छ । त्यसैगरी, किशोरी र सन्दीप लामिछाने दुवैका साथी भनिएका क्रिकेटर देव खनाललाई पनि बुझ्न अदालतले आदेश दिएको छ ।

अस्पतालबाट जन्म मितिबारे स्रेस्ता प्रमाणित गरेर पठाउनुपर्ने आदेश भएपनि बुधवार साँझसम्म सोबारे आधिकारिक पत्र प्राप्त नभएको नारायणी अस्पताल स्रोतले जनाएको छ। स्रेस्ता सुरक्षित रहे नरहेको वा जन्म मितिबारे भने स्रोतले केही खुलाउन चाहेन ।

**विचारसार र सूक्तिहरू**

**कृतज्ञ हृदय र सकारात्मक सोचका साथ प्रत्येक बिहानीको स्वागत गर ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## हारजित

**कुनै पनि चुनावमा हारजित हुन्छ । मुलुकमा भर्खरै प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन सम्पन्न भयो । तर हारजितको टुङ्गो अझै लागिसकेको छैन । यी दुवै तहको चुनाव सरकार निर्माणको लागि हो । जबसम्म सरकार गठन हुँदैन, तबसम्म हारजित फाइनल भइसक्यो भन्न मिल्दैन । जुन लक्ष्यप्राप्तिको लागि चुनाव भएको हो, त्यो लक्ष्यको अन्तिम बिन्दुमा नपुगी टुङ्गो लाग्यो भन्न मिल्दैन । संसदीय चुनावमा भाग लिने दलहरूको जम्मा दुईवटा लक्ष्य हुन्छन् । सरकार बनाउने र सरकारको भन्डाफोड गर्ने । साना–ठूला जुनसुकै दल होस्, सरकार निर्माणमा उसको कुनै न कुनै रूपले सहभागिता रहन्छ । यसअघि प्रतिनिधिसभामा एक सिट मात्रै रहेको राष्ट्रिय जनमोर्चा देउवा नेतृत्वको सरकारमा सहभागी थियो । सरकारलाई समर्थन जनाउनु मात्रै पनि उसको सहभागिता हो । अतः सानै दल भएपनि सरकार निर्माणसम्म पुग्ने उसको लक्ष्य पूरा भएको मानिन्छ । जुन दल सरकारमा पुग्न सक्दैन, उसले सरकारको कामकारबाईप्रति खबरदारी गर्दै भन्डाफोड गर्नेछ । उसको पनि लक्ष्य एक दिन सरकारमा पुग्नु नै हो । यसरी भन्डाफोडको उद्देश्य बोकेकाहरू पनि दुई वर्गका हुन्छन् । पहिलो वर्ग, जुन व्यवस्था छ, सोही व्यवस्था अन्तर्गत सरकारमा पुग्न चाहन्छ । हाम्रो मुलुकको वर्तमान व्यवस्थामा सरकारमा पुग्न नसक्दा प्रतिपक्षी खेमामा पर्नेहरू यही पहिलो वर्गका हुन् । दोस्रो वर्ग, व्यवस्था परिवर्तन गरेर मात्रै सरकार बनाउन चाहन्छ । उनीहरूको चुनावी नारा नै त्यही हुन्छ । पञ्चायतकालमा जनपक्षीय प्रतिनिधिहरू र २०४६ सालको परिवर्तनपछि तत्कालीन संयुक्त जनमोर्चा दोस्रो वर्गको भूमिकामा रह्यो । उनीहरू सरकार बनाउन होइन, भन्डाफोड गर्दै व्यवस्था परिवर्तन गर्न संसद्मा गएका थिए ।**

**उल्लिखित पहिलो वर्गका पार्टी तथा प्रतिनिधिहरूका लागि सरकारमा पुग्नु मात्रै जीत हो । दोस्रो वर्गका पार्टी तथा प्रतिनिधिका लागि भने जतिसक्दो सरकार र संसद्को भन्डाफोड गर्न सक्नु नै जीत हो । लक्ष्यमा पुग्ने प्रयास तथा अभ्यासको क्रममा यस्ता हारजित चलिरहन्छन् ।**

**यसपटक प्रतिनिधिसभाको चुनावमा नेपाली काङ्ग्रेस तत्कालको लागि हारेको छ । संसदीय व्यवस्थामा सरकार निर्माणका लागि अङ्कगणितीय खेल मुख्य हुने हुँदा कूटनीति, रणनीति, इमानदारिता, तिकडमबाजी यी सबैको कुशलतापूर्वक फ्युजनबाट मात्रै सत्ताको बागडोर हातमा पर्छ । बागडोर हातमा पार्न सके मात्रै जीत हो । प्रचण्ड नेतृत्वको सरकारले विश्वासको मत पाएमा कम्तीमा पनि दुई वर्षको लागि नेपाली काङ्ग्रेसको हातबाट सत्ताको बागडोर छुट्यो । सत्ता पाउनु, नपाउनु ठूलो कुरा नरहला तर सांसद सङ्ख्याको हिसाबले सबैभन्दा ठूलो दल नेका रहेकोले उसको चर्चा स्वाभाविक छ । समय र परिस्थितिको माग अनुसार नेका चल्न सकेन । अर्कोतर्फ तेस्रो वरीयतामा रहेको नेकपा माओवादी केन्द्रको नेतृत्वमा सरकार निर्माण हुनु पनि चर्चायोग्य कुरा हो । उसको नेतृत्व तहमा परिस्थिति अनुसार निर्णय लिन सक्ने नेता रहेछन् भन्ने स्पष्ट हुन्छ । हुनत त्यही चतुर्‍याइँको कारण माओवादी पार्टीलाई टिकाएको हो । प्रचण्डले चुनावकै बेला आफूले जितेमा जसरी पनि प्रधानमन्त्री बन्ने घोषणा गरेका थिए । नेकाले प्रम छोड्न सक्नुपर्थ्यो, नत्र गठबन्धन तोड्न सक्नुपर्थ्यो । 'जसले गठबन्धन तोडेर आउँछ, उसलाई समर्थन गर्ने' एमाले अध्यक्ष ओलीले पहिल्यै सार्वजनिक गरिसकेका [redacted] प्रदेशमा हारजित हेर्न बाँकी नै छ ।**

# जीत र हार को चर्चा

अन्तिम चुनाव नतीजा सार्वजनिक हुँदासम्म सङ्घीय संसद्मा प्रत्यक्षतर्फ काङ्ग्रेस ५७, एमाले ४४, माओवादी १८, स्वतन्त्र दल ७, जसपा र लोसपा ४, उन्मुक्ति ३, जनमत १, जनमोर्चा १ एवं राप्रपा ७, नेपाल मजदूर किसान पार्टी १ र समाजवादीले १० स्थानमा जीत हासिल गरेका छन् ।

निर्वाचनको यो परिणाम नेताहरूको लागि अत्यन्त पीडादायक यस अर्थमा रहेको छ कि विगत संसद्का ४२ माननीयज्यूहरूले यस निर्वाचनमा यो गरिमामय पद गुमाउनुपरेको छ । नयाँ संसद्को संरचना हेर्दा पुराना दलहरू किन अपेक्षित स्थान प्राप्त गर्न सकेनन्, त्यसको विवेचना आवश्यक हुन जान्छ । सर्वप्रथम त नेपाली काङ्ग्रेसकै कुरा गरौं । सुरक्षा संयन्त्रको अध्ययनबाट ७०–७७ सिट मात्र पाउने अपेक्षा भएको यो दलले त्यसै कारणले गठबन्धनमा बस्न मरिहत्ते गर्नुपरेको तथ्य कसैसँग लुकेको छैन । तर सिट त्योभन्दा पनि कम आउनुपछाडिको कारण केलाउँदा राष्ट्रियस्तरमा अर्थतन्त्रमा देखिएका नकारात्मक प्रभाव, महँगी, किसान आन्दोलन, समयमा मल नपाउनु र पूँजीगत शीर्षकको रकम खर्च गर्न देखिएको असफलता हो भने पार्टीगत स्तरमा सबैभन्दा पहिलो र ठूलो गलती समानुपातिक सूचीको चयनमा रहेको देखिन्छ । जनसङ्ख्याको आधारमा गर्नुपर्ने चुनावलाई नातागोता र फरियावादको घेरामा राखेर प्रकाशित गरिएको सूचीले जनतालाई दिक्क बनाइसकेको थियो । यस आगोमा घ्यू थप्ने कार्य भयो प्रत्यक्षतर्फको सूची प्रकाशनबाट । दलले जिल्ला सभापतिहरूलाई विश्वासमा नलिएर जसरी गठबन्धन जोगाउन आफ्नो उम्मेदवारको सूची प्रकाशित गर्‍यो, त्यसले जिल्ला कार्यसमिति निष्क्रिय बन्न पुग्यो र फलस्वरूप कार्यकर्ताले गठबन्धनका उम्मेदवारको सट्टा विकल्पमा मत दिए, जसको लाभ उम्मेदवार अनुसार एमाले र स्वतन्त्र दललाई सबैभन्दा धेरै पुग्यो । नेपाली काङ्ग्रेस आम जनाधार (Mass Based) दल हो । यसलाई कार्यकर्ता (Cadre Based) आधारित दल जस्तो हैकमवादी प्रवृत्तिले सञ्चालन गर्न खोजिएकोले यस्तो हबिगत भएको हो । दोस्रो ठूलो दलको रूपमा उदय भएको छ, एमालेको । सुरक्षा संयन्त्रको सर्वेक्षण अनुसार ३०–३५ सिटमा सीमित हुने अपेक्षा गरिएको यो दल अन्ततः ४४ सिट जित्न सफल भएको छ । यस चमत्कारको पछाडि न त एमालेले कोभिड नियन्त्रणमा गरेको खेलाँची, हावादारी गफ र आर्थिक दुरवस्था एवं भ्रष्टाचारको योगदान छ, न त ओलीजीको कालापानी, लिपुलेक र लिम्पियाधुरा फर्काउने घोषणा । तर पनि एमालेले अपेक्षाभन्दा प्रत्यक्ष एवं समानुपातिकमा राम्रो नतीजा कसरी देखायो भनेर विचार गर्दा सबैभन्दा पहिले त एमालेको जसपा एवं राप्रपासँगको गठबन्धन नै हो । यो गठबन्धनले मधेसमा जहाँ जसपा लोसपासँगको द्वन्द्वमा अल्झियो, त्यहाँ मतदाता एमालेतर्फ लागे भने केही यिनीहरूको अकर्मन्यताले जनमत पार्टीतर्फ लागे । जसपाको मधेस प्रदेशका अध्यक्ष रामबाबू यादवका अनुसार मधेस र नागरिकताको विपक्षमा रहेको एमालेसँग अन्तिम समयमा भएको समझदारीले आम मतदातामा नकारात्मक प्रभाव परेको तथा जसपा समर्थकहरूले एमालेलाई समर्थन गरेर मत दिए पनि एमालेले आफ्ना कार्यकर्तालाई नियन्त्रणमा लिन नसकेको कारण एमालेको मत जसपालाई भन्दा चापाकलमा बढी परेकोले यस प्रकारको अप्रत्यासित नतीजा आएको हो । २०७४ सालको निर्वाचनमा जसपाले सङ्घमा १६ र प्रदेशमा २९ स्थानमा जीत हासिल गरेको थियो भने यसपटक सङ्घमा सात र प्रदेशमा नौवटा सिटमा सीमित हुन पुगेको छ । रामबाबू यादवका अनुसार एमालेले उपेन्द्र यादवलाई उनकै निर्वाचन क्षेत्रमा सिके राउतलाई समर्थन गर्‍यो र साथै एमालेसँगको गठबन्धन आमजनताले नरुचाएका कारण जसपाले यस्तो नियति भोग्नुपरेको हो ।

यस चुनावबाट तेस्रो दलमा स्थापित माओवादीको पीडा बेग्लै छ । १० वर्षको जनयुद्धपछि उदाएको यो दलले पहिलो संविधानसभाको सन् २००८ मा सम्पन्न निर्वाचनमा प्रत्यक्षबाट १२० र समानुपातिकबाट १०० गरी जम्मा २७५ मा २२० सिट जितेको थियो । तर २०१३ को दोस्रो संविधानसभाको चुनावमा यो दल ५४ सिटमा सीमित भएको थियो । माओवादी दलले देखाएको प्रवृत्तिका कारण यो एमालेसँग पनि जुटेर रहन सकेन र निरन्तर पार्टी ओरालो लागेको देखेर नै होला प्रचण्ड फेरि एकपटक प्रधानमन्त्री बन्न लालायित देखिएका छन् । सम्भवतः बन्न सके यो उनको अन्तिम दौड नै हुनेछ । समग्रमा मधेसवादी दलको कुरा गर्दा २०१३ पछि यिनको पनि मत वा सिट निरन्तर घटिरहेकै देखिन्छ । २००८ मा प्रत्यक्ष र समानुपातिक गरी ८१ सिट जितेका पाँच मधेसवादी दल २०१३ मा प्रत्यक्षबाट १२ र समानुपातिकबाट ३२ गरी जम्मा ४४ सिटमा खुम्चिन पुगेको देखिन्छ । महन्थ ठाकुरको लोसपाले प्रत्यक्षतर्फ सिट मात्र प्राप्त गरेको छ, समानुपातिकतर्फ थ्रेसहोल्ड बढाउन नसक्ने भएकाले कुनै पनि सिट पाउने सम्भावना देखिंदैन ।

अन्ततः माओवादी र मधेसवादी दलहरूको यो हबिगत कसरी भयो भन्दा आम जनताको राय उनीहरूले मतदानमा जनताले दिएको जनादेश अनुसार काम गर्न नसकेकाले नै हो भन्ने मलाई रहेको पाइन्छ । यो अवस्थामा स्थापित ठूला दल काङ्ग्रेस र एमालेले कोर्स करेक्सन गरेमा पुनः बहुमत हासिल गर्न सक्ने र माओवादी तथा मधेसको नाम भजाउने जसपा र लोसपा लोप हुनबाट जोगिन सक्ने आस गर्न सकिन्छ । हाल सरकार गठनमा देखिएको प्रचण्डको सत्तालिप्साको कारण त बुझ्न सकिन्छ तर एमालेका साथ प्रधानमन्त्री बन्न सरकार बनाउँदा जनादेशको पालन हुन्छ वा उपहास त्यो उहाँले नै नबुझ्नु भएको

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**अन्ततः माओवादी र मधेसवादी दलहरूको यो हबिगत कसरी भयो भन्दा आम जनताको राय उनीहरूले मतदानमा जनताले दिएको जनादेश अनुसार काम गर्न नसकेकाले नै हो भन्ने मलाई रहेको पाइन्छ ।**

# चोरीको मोटरसाइकलसहित चारजना पक्राउ

प्रस, वीरगंज, १२ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले आठ थान चोरीको मोटरसाइकलसहित चारजना चोर पक्राउ परेको जनाएको छ ।

जिप्रका, पर्साले जनाए अनुसार वप्रका, बिर्ताको टोलीले पुस ९ गते धोबिनी गाउँपालिका–४ लङ्गडी निवासी रामबाबू गुप्ताको वीरगंज–८ नेपाल टेलिकमअगाडि पार्किङ गरिएको मोटरसाइकल चोरी गरेको कसूरमा पक्राउ गरेको वीरगंज–२६ का रामप्रवेश पटेलको बयानका आधारमा थप तीनजना चोर र सातवटा मोटरसाइकल बरामद भएको जनाएको छ ।

वप्रका, बिर्ताको टोलीले गुप्ताको चोरी भएको प्र२–०३–००७ प १७६६ नंको मोटरसाइकलसहित चोरी गर्ने पटेललाई पक्राउ गरेको र थप अनुसन्धान गर्दा वीरगंज–२६ का अशोक पटेल, वीरगंज–२४ का आकाश तिवारी र भारतीय युवक शिवम् पाण्डे पक्राउ परेको र उनीहरूबाट सात थान चोरीका मोटरसाइकल बरामद भएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक गिरीले बताए ।



पक्राउ परेकाहरूलाई सार्वजनिक गर्दै प्रहरी । तस्वीर सौजन्यः जिप्रका, पर्सा

## विद्यालयको अनुगमन

प्रस, सिम्रौनगढ, १२ पुस/

सिम्रौनगढ–६ अमरपुरस्थित नेराप्राविमा आज अनुगमन भएको छ ।

वडाध्यक्ष नन्दकिशोरप्रसाद जयसवालको अगुवाइमा विद्यालयमा अनुगमन भएको हो । विद्यालय अनुगमनका क्रममा तोकिएको मापदण्डविपरीत बालबालिकाहरूलाई खाजा खुवाएको पाइएको वडाध्यक्ष जयसवालले बताए ।

खाजाको तालिका अनुसार आज गुलियो खाजा खीर वा हलुवा खुवाउनुपर्नेमा आलुको तरकारी र भुजा खुवाइएको उनले बताए । अनुगमनमा इप्रका, सिम्रौनगढका प्रहरी, स्थानीय रमन महतो, रामप्रमोद सिंहलगायतको सहभागिता थियो ।



वितरण भइरहेको खाजाको अनुगमन गर्दै वडाध्यक्ष जयसवाल । तस्वीरः प्रतीक

## खेलकूद विकास समिति पर्सामा तालाबन्दी

प्रस, वीरगंज, १२ पुस/

जिल्ला खेलकूद विकास समिति, पर्साको कार्यालयमा तालाबन्दी गरिएको छ । राष्ट्रिय खेलकूद परिषद्ले पुस ५ गते नेपाल तेक्वान्डो सङ्घलाई खारेज गरेको विरोधमा सोमवार जिल्ला खेलकूद विकास समिति, पर्साको कार्यालयमा नेपाल तेक्वान्डो सङ्घ, पर्साले तालाबन्दी गरेको अध्यक्ष गणेशमान श्रेष्ठले बताए ।



उनले सङ्घको कार्यालयमा तालाबन्दी गरिनुका साथै पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाललाई ज्ञापनपत्र पनि बुझाएको बताए । ज्ञापनपत्र बुझाउन सङ्घका शाखा पदाधिकारीहरू रमेश मानन्धर, राजु साह, हरिनारायण पटेल, मधेस प्रदेशका अध्यक्ष राजुकुमार लामा, बारा अध्यक्ष नन्दु लामालगायतको सहभागिता थियो ।

# जसपा संसदीय दलको नेता चयन गर्न निर्वाचन

प्रस, जनकपुरधाम, १२ पुस/

जनता समाजवादी पार्टी (जसपा)ले पुस १३ गते बुधवार प्रतिनिधिसभा संसदीय दलको नेता चयन गर्न निर्वाचन तालिका सार्वजनिक गरेको छ । सो पार्टीको सङ्घीय संसदीय दलको कार्यालयले मङ्गलवार जनकपुरमा तालिका सार्वजनिक गरेको हो ।

तालिका अनुसार बुधवार बिहान ११ देखि १२ बजेसम्म संसदीय दलको नेता बन्न चाहने उम्मेदवारहरूको मनोनयन दर्ता हुनेछ ।

दिउँसो १२ देखि १२:३० सम्म उम्मेदवारको नामावली प्रकाशन, १२:३० देखि १:३० बजेसम्म नाम फिर्ता लिने समयतालिका छ ।

त्यसैगरी, दिउँसो १:३० देखि २ बजेसम्म दाबी विरोध, २ देखि २:३० बजेसम्म उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन, २:३० देखि ३:३० सम्म मतदान हुने भएको छ ।

मतदान सम्पन्न भएलगत्तै गणना गरिने र जतिसक्दो छिटो परिणाम सार्वजनिक गर्ने कार्यक्रम रहेको जसपा संसदीय दलको कार्यालयले जनाएको छ ।

प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिकसमेत १२ जना सांसद रहेको जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव चुनावमा पराजित भएपछि सङ्घीय परिषद् अध्यक्ष अशोक राईलाई संसदीय दलको नेता बनाउने कुरा चलेको भए तापनि एकमत हुन सकेको छैन ।

[redacted]र्पैत रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

## रेलमार्गका लागि रोकिएको सर्भे शुरू गर्न छलफल

# बकैयाखोला पूर्वी किनारबाट रेलमार्ग लैजाने योजना

प्रस, निजगढ, १२ पुस/

राष्ट्रिय गौरवको आयोजनाको प्राथमिकतामा रहेको रेलमार्ग निर्माण गर्दा पीडित हुने सरोकारवालाहरूको विवादका कारण लामो समय रोकिएको सर्भे कार्य पुनः सञ्चालन गर्न छलफल भएको छ । रेल विभाग काठमाडौंको आग्रहमा सोमवार निजगढ नगरपालिकाको सभाहलमा उक्त छलफल भएको हो । अघिल्लो रेलमार्गको रेखाङ्कन खेतीयोग्य उर्वर जमीन, नदीकट्टा हुँदै, राजमार्गको हाटबजार, बुद्धचोक, जमुनापैनी, असी बिघा, पुरानो निजगढ कछडियाबस्ती र बाक्लो मानवबस्तीबाट रेलमार्ग लैजान भन्दै सरकारले सर्भे कार्य अघि बढाएको थियो ।




विद्युतीय रेलमार्गको विषयमा स्थानीय सरोकारवाला समुदाय, समाजसेवी, जनप्रतिनिधिहरूसँग छलफल गर्दै रेल विभागका प्राविधिक टोली । तस्वीर: जीतलाल श्रेष्ठ

स्थानीय बासिन्दा, जनप्रतिनिधि, निजगढ नपालाई समेत कुनै जानकारी नदिएकोले कार्य रोकिएको थियो । बस्तीबीचबाट रेलमार्ग लैजाने कार्य स्वीकार्य नहुने भन्दै रेलमार्ग पीडित सरोकार समिति गठन गरी निजगढ नगरपालिका, जिल्ला प्रशासन कार्यालय, बारामार्फत रेल विभाग, प्रधानमन्त्रीको कार्यालयलगायत सम्बन्धित निकायमा ज्ञापनपत्र बुझाएपछि सर्भे कार्य रोकिएको थियो ।

अघिल्लो वर्ष रेल विभागसँग निजगढ नपाको सभाहलमा पटकपटक छलफल गरी वैकल्पिक स्थानको खोजी गर्न दबाब सिर्जना गरेपछि रेल विभागका तत्कालीन महानिर्देशक प्रमिला बज्राचार्य, रेलमार्गका लागि युसिङ कोरियन सर्भे कन्सल्टचान्टका मुख्य सर्भेयर मिस्टर कू, मिस्टर सोन, रेल विभागका सिनियर डिभिजनल इन्जिनीयर देवेन्द्रप्रसाद साह, नेपाली सर्भे कन्सल्टचान्टका जियोलोजिस्ट अच्युत कोइरालासहितको प्राविधिक टोलीले बकैया खोलाको पूर्वी क्षेत्रको स्थलगत अनुगमन गत २०७७ फागुनको दोस्रो साता गरेको थियो ।

बकैया खोलाको पूर्वी ड्यामभन्दा वर नआउने गरी खोला किनारबाट सर्भे गर्न आग्रह गरेपछि रेल विभागले हिजो भएको छलफलमा नक्शाङ्कन प्रस्तुत गर्दै सर्भे कार्यमा सहयोगी भूमिका निर्वाह गर्न निजगढ नपा, स्थानीय सरोकारवाला, जनप्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, रेलमार्ग पीडित सरोकार समितिसँग आग्रह गरेको छ ।

मानवबस्ती, खेतीयोग्य जमीन, विद्यालय, मठमन्दिर, तालतलैया, वनजङ्गल, वातावरणलगायत संरचनाहरू सकभर क्षति नहोस् । हुनै परे कमभन्दा कम होस् भन्ने उद्देश्य र योजनासहित आएको रेल विभागका सिनियर डिभिजनल इन्जिनीयर प्रकाशचन्द्र भण्डारीले जानकारी दिए ।

रौतहटको सन्तपुर, चोचा हुँदै भमरा खोला र बकैयाखोलाको सङ्गमस्थल नदीकाट हुँदै बकैयाखोलाको पूर्व किनार, शहीद हीरालाल रङ्गशाला, आर्यघाट, सप्तऋषि धर्मशाला, पर्वतनाथ महादेव मन्दिरमा क्षति नपुग्नेगरी खोलाभित्रबाट रेलमार्ग बनाउने गरी सर्भे कार्य थाल्ने रेल विभागका अर्का इन्जिनीयर सुबोध पोखरेलले बताए ।

"नक्शामा देखाइएको भन्दा १०/२० मिटर दायाँ–बायाँ हुन सक्छ । स्थलगत सर्भे, नापजाँच गरेपछि मात्रै यकीन रेखाङ्कन हुन्छ"– रेल विभागका सिनियर डिभिजन इन्जिनीयर भण्डारीले भने ।

कार्यक्रममा निजगढका प्रमुख सुरथ पुरीले विकासका नाममा विनाश कमभन्दा कम हुने गरी योजना बनाउनुपर्ने बताए । "सकेसम्म मानवबस्ती, अन्य संरचना नष्ट नहुनेगरी अघि बढ्नुपर्छ"– नगरप्रमुख पुरीले भने ।

रेलमार्गका लागि कम्तीमा ५० मिटर चौडा भूभाग आवश्यक पर्ने, ३५० मिटर दायाँ–बायाँको क्षेत्र समेटी सर्भे गर्नुपर्ने रेलवे विभागले जनाएको छ ।

कार्यक्रममा निजगढका प्रमुख पुरी, उपप्रमुख सोममाया थिङ, पूर्वनगरप्रमुख सुरेशकुमार खनाल र पूर्वउपप्रमुख लीलादेवी लामिछाने, प्रमुख प्रशासकीय अधिकृत सुमन धिताल, रेल विभागका परामर्शदाता समाजशास्त्री देवी डोटेल, सर्भेयर सुरज पौडेल, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सङ्घसंस्थाका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, सरोकारवाला स्थानीय, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

# सवारीसाधन कारबाहीबाट ९० लाख राजस्व सङ्कलन

सर्लाही, १२ पुस/रासस

जिल्ला ट्राफिक कार्यालय, सर्लाहीले चालू आर्थिक वर्षको पाँच महीनामा सवारीसाधन कारबाहीबाट रु ९० लाख २७ हजार ५०० राजस्व सङ्कलन गरेको छ । कार्यालयका अनुसार यस अवधिमा १२ हजार ५० वटा सवारीसाधन कारबाहीमा परेका छन् ।




तस्वीर: फाइल

जिल्ला ट्राफिक प्रहरी कार्यालय, सर्लाहीका प्रमुख प्रहरी निरीक्षक ईश्वर कार्कीले पाँच महीनामा जिल्लाका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा २९ जनाको ज्यान गएको जानकारी दिए । उनका अनुसार जिल्लामा दैनिक चारवटासम्म दुर्घटना हुने गरेको छ । यस अवधिमा जिल्लाका विभिन्न स्थानमा ३९७ वटा दुर्घटना भएका छन् भने दुर्घटनामा परेकामध्ये १२५ जना गम्भीर घाइते भएका छन् ।

पछिल्ला तीन आर्थिक वर्षमा जिल्लामा दुर्घटना र त्यसमा परेर ज्यान

(बाँकी पाँचौं पातामा)



**साइकलको यात्रा :** पर्साको तिलावे पुल भएर साइकलमा यात्रा गर्दै एकजना परिवार । तस्वीर: राधेश्याम पटेल

# बढ्दो चीसोमा किसानलाई कामको चटारो

महोत्तरी, १२ पुस/रासस

मध्य पुसमा महोत्तरीमा अत्यधिक चीसो छ । चीसोबाट बच्न अनेकन उपाय खोजिरहँदा यहाँका किसानलाई भने कामको चटारो छ । यो गहुँबाली लगाउने, कोभी, खुर्सानीलगायत तरकारी बजार पुऱ्याउनुपर्ने र उखु क्रसिङको समय भएकाले किसानलाई खेतीपातीको काममा भ्याइनभ्याइको अवस्था छ ।

अर्को सिजनका लागि तरकारीखेतीका लागि खनजोतको काम यसैबेला गर्नुपर्ने भएपछि किसानलाई एकपछि अर्को कामको चटारोले छोपेको हो । समय घर्कंदा बित्ने यी कामसँगै आउनै लागेको तिलासक्रायत (माघेसङ्क्रान्ति) पर्वको जोहोमा पनि लाग्नुपर्ने बाध्यता छ । यहाँका किसानहरू मध्य पुसको थरथरी कमाउने चीसोबीच आराम गर्न पाएका छैनन् ।

"खेतीपातीको कामलाई जाडो र गर्मीले छुट दिंदैन, समयमैं गर्न परिहाल्छ, असरल्ल काम छ," भङ्गाहा–४ रामनगरका किसान अरुण गिरीले भने, "कोभी टिपेर आजै बजार लगिएन भने भोलिसम्म फूल फक्रेर कक्रक्क पर्छ, तर चीसोले अलिक गाऱ्हो बनाएको छ ।" उनी यतिबेला उखु काट्ने, मुठा पार्ने र ट्याक्टरमा लोड गर्ने काममा पनि व्यस्त छन् ।

खेतीपातीका यी कामसँगै अहिले मधेस प्रदेशका प्राचीन मिथिला क्षेत्रका किसानलाई तिलासक्रायत पर्वको चटारोले पनि छोपेको छ । तिलासक्रायतका लागि चिउरा/मुरी बनाउन धान भिजाउने, उसिन्ने, कुट्ने काममा घरघरका गृहिणी लागेका छन् ।

त्यसैगरी, तिल खेती गरेका किसान तिल झाँट्ने, निफन्ने काममा व्यस्त देखिन्छन् । पर्वमा चिउरा, मुरी र तिलका 'लाई' (लड्डु) बनाउन चाहिने सख्खरको जोहोका लागि कतिपय किसान आफैं धमाधम उखु पेलेर सक्खर पकाउन थालेका छन् । आफ्नो घरको पर्व सामग्रीको जोहो पनि हुने र यी सामग्रीले अहिले राम्रो भाउ पाउने भएपछि किसान जाडो नभनी काममा जुटेका हुन् । मिथिलामा माघेसङ्क्रान्तिका दिन तिलासक्रायत पर्व मनाउने परम्परा छ ।

"पवनी (पर्व)ले छोपिसक्यो, खेतीपातीका काम असरल्ल छन्, अहिले सखरका लागि उखु पेल्ने, मुरी/चिउराका लागि धान उसिन्ने र तिल झाँट्ने र बजार लाने काम छन्, लगत्तै अब १० दिनपछि अलुवा ( सखरखण्ड, सुठुनी), पिंडालु र तरुल खन्ने काम शुरू हुन्छ," रामनगर बस्तीकै ४५ वर्षीय किसान चन्देश्वर राय दनुवारले भने, "अहिले बजार पुऱ्याउन नसकिएको तिलको भाउ सङ्क्रान्तिपछि घट्छ ।"

मिथिलामा तिलासक्रायत पर्वमा अलुवा, तरुल र पिंडालुजस्ता कन्दमूल उसिनेर खाने/खुवाउने स्थापित परम्पराले माघे सङ्क्रान्तिअघि यी उत्पादनले राम्रो बजार पाउने गरेका छन् । मात्र एक कट्ठा क्षेत्रफलमा लगाइएको अलुवाबाट सङ्क्रान्तिअघि बजार पुऱ्याउनसके १० हजार हाराहारी आम्दानी गर्न सकिने दनुवारको भनाइ छ । कन्दमूल खन्ने र बजार पुऱ्याउने काम भने पुस चौथो साता लागेपछि थालिने दनुवारले बताए । पर्वमा सख्खरको खुँदोमा मिसाएर बनाइने तिल, चिउरा, मुरी र जुनेलोको लाई (लड्डु) खाने/खुवाइने चलन छ ।



तस्वीर: फाइल

त्यसैगरी, कोभी, भान्टा, हरियो केरा, आलु, परवल र लौकीको तरुवा खाने प्रचलनले यी वस्तुले राम्रो भाउ पाउँछन् । पर्वका लागि आफ्नै घरको तयारी र पर्वअघि नै यी फसल बजार पुऱ्याउनै पर्ने र नियमित खेतीपातीका कामले अहिले फुर्सद पनि नभएको बलवा नगरपालिका–१० धमौराका किसान वासुदेव पासवानको भनाइ छ ।

पर्वकै तुक पारेर उखु किसान धमाधम उखु पेल्ने र खुँदो पकाएर मिं (सखखर) बनाउने काममा तल्लीन देखिएका छन् । "अहिले जाँगर नचलाए आम्दानी हुँदैन," मिं बनाउन ठूलो चुलोमा खुदो उमाल्न व्यस्त बर्दिबास–६ प्रेमनगरका किसान रामकृपाल महतोले भने, "उखुबाट हुने आम्दानीले वर्षभरिलाई पुग्ने अन्न जोहो गर्नुपर्छ ।"

मिथिलामा सबै जातजाति र समुदायले तिलासक्रायत पर्व मन खोलेर मनाउने गर्छन् । यहाँका थारू समुदायको त यो मुख्य पर्व नै हुँदा एक महीना पहिलेदेखि नै तयारी थालिन्छ । थारू समुदायमा पर्वविशेषमा मासु अनिवार्य परिकारमा पर्ने हुँदा यसको जोहो गर्न केही पहिलेदेखि नै थारूहरूको व्यस्तता बढ्ने गरेको छ ।

तिलासक्रायत पर्वपछि यसको सनेस (कोसेली) पठाउने मिथिलामा आम चलन छ ।

विवाह भएका छोरी/चेली (फुपू, दिदीबहिनी र छोरीभतिजी) मित/मितिनी र नजीकका इष्टमित्रकहाँ पर्वविशेषका परिकार पुऱ्याइने परम्परा छ ।

# अब पोलियोविरुद्धको खोप १४ हप्तामा

काठमाडौं, १२ पुस/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पोलियोविरुद्धको खोप 'एफआइपिभी' लगाउने समय परिवर्तन गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार ठाकुरले विज्ञको सल्लाहमा नै लगाउने समयको अवधि परिवर्तन गरिएको जानकारी दिए । उनका अनुसार एक वर्षमुनिका बालबालिकाका लागि पहिले छ हप्ता र १४ हप्तामा गरी दुई मात्रा दिने गरेकामा अब पहिलो मात्रा १४ हप्ता र दोस्रो मात्रा नौ महीनामा लगाइनेछ ।



यस्तै, एक वर्ष उमेरमा खोप लगाउन छुटेमा पाँच वर्षभित्रमा बालबालिकाले पनि लगाउन सकिने उनले बताए । उनका अनुसार पाँच वर्षभित्रमा बालबालिकाले चार महीनाको फरकमा दुई मात्रा खोप लगाउनेछन् ।

# हल्का हिमपातको सम्भावना

काठमाडौं, १२ पुस/रासस

पश्चिमी वायुको प्रभावले आंशिक बदली रही केही स्थानमा हल्का हिमपात भएको छ । उक्त प्रणालीको प्रभावले कर्णाली र सुदूरपश्चिम प्रदेशलगायत अन्य प्रदेशका पहाडी भूभागमा आंशिक बदली भई प्रदेश नं १ र गण्डकी प्रदेशका हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपात भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

विभागले आगामी २४ घण्टा प्रदेश नं १, गण्डकी र कर्णाली प्रदेशका हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपात हुनुका साथै देशका अधिकांश भूभागमा तापक्रम क्रमिकरूपमा घट्दै जाने जनाएको छ ।

तराईका केही भूभागमा बिहानीपख हुस्सु/कुहिरो लागेका हुनाले दैनिक जीवन र सडक तथा हवाई यातायातमा सामान्य प्रभाव परेकोले आवश्यक सावधानी तथा सतर्कता अँगाल्न विभागले अनुरोध गरेको छ ।

लुम्बिनी प्रदेशलगायत देशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको छ । महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम –३.८ डिग्री सेल्सियस र सबैभन्दा बढी जनकपुरको अधिकतम तापक्रम ३६.२ सेल्सियस रहेको छ ।



चन्दननाथ नगरपालिका–१ जुम्ला विमानस्थलनजीकै पाइप फुट्दा निस्केको पानीको फोहरा खसेको क्षेत्रमा चीसोले सेताम्मे बनेको बरफ । तस्वीर: रासस

# जलविद्युत्को "हब" बन्दै कालीकोट

–मिमबहादुर रावल

मान्म, १२ पुस/रासस

भौतिक विकासका पूर्वाधारका हिसाबले पछाडि परेको कालीकोट जिल्ला पछिल्लो समय जलविद्युत्को 'हब' (केन्द्र) बन्न लागेको छ। कालीकोटमा तीन ठूला जलविद्युत् आयोजना निर्माण शुरू हुने भएसँगै जलविद्युत् 'हब' का रूपमा विकास हुने भएको हो।

कालीकोटमा हुम्ला कर्णाली र तिला कर्णालीलगायत सानाठूला गरेर दुई हजारभन्दा बढी मेगावाट विद्युत् उत्पादन गर्न सक्ने नदी तथा खोलाहरू छन्। जिल्लामा ४२० मेगावाटको तिला–१, ४४० मेगावाटको तिला–२, ४८० मेगावाटको फुकोट कर्णाली र १६ मेगावाटको पादमघाट जलविद्युत् आयोजनाले निर्माणका लागि ऊर्जा मन्त्रालयबाट अनुमति पाएका छन्।

यी सबै आयोजनाले १,५५६ मेगावाट विद्युत् उत्पादन क्षमता राख्छन्। यसको उत्पादनले कालीकोटको मात्र समृद्धिको आधार तयार नपारेर देशकै समृद्धिका आधारका रूपमा विकास सहयोग दिने देखिन्छ। जिल्लामा थुप्रै अन्य जलविद्युत् आयोजना बन्ने ठाउँ भए पनि त्यसको उपयोग हुन सकेको छैन।

कुल ४८० मेगावाट विद्युत् उत्पादन क्षमताको फुकोट–कर्णाली जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (इआइए), निर्माणका लागि स्वीकृति र विद्युत् उत्पादनका टेस्ट टनेल खोल्ने काम भइसकेको छ। यो आयोजनाको निर्माणको जिम्मा नेपाल सरकारको स्वामित्वमा रहेको ऊर्जा उत्पादन कम्पनी लिमिटेडले लिएको छ।

आयोजनाको विस्तृत डिजाइन, अध्ययन, आयोजनाका लागि जग्गा अधिग्रहण र मुआवजा वितरणको काम पूरा भइसकेको आयोजना प्रमुख हीरामान वाइवाले जानकारी दिए। "फुकोट कर्णाली जलविद्युत् आयोजनाको प्रायः सबै काम पूरा भइरहेको छ"–उनले भने–"लगानीको मोडालिटी टुङ्ग्याउन बाँकी छ।"

आयोजनाका लागि एक हजार ७५ रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेमा हालसम्म करीब एक हजार रोपनी जग्गा अधिग्रहण भइसकेको आयोजनाले जनाएको छ। आयोजनाबाट कालीकोट जिल्लाका पचालझरना गाउँपालिका, रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका र खाँडाचक्र नगरपालिका प्रभावित हुनेछन्।

यो आयोजना निर्माण भएमा जिल्लावासीले शेयर पाउनाका साथै रोजगार सिर्जनासमेत हुने रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले बताए। "यो राष्ट्रिय गौरवको आयोजनाका रूपमा लिएका छौं। आयोजना निर्माणको काम अगाडि बढ्दा स्थानीयवासी निकै उत्साहित भएका छन्"–उनले भने।

आयोजनाका लागि रु ९२ अर्ब तीन करोड लाग्ने अनुमान गरिएको छ। निर्माण थालेको पाँच वर्षमा आयोजना पूरा गर्न लक्ष्य राखिएको छ। सान्नी


तस्वीरः रासस

त्रिवेणी गाउँपालिका–३ लुसाबाट एक किलोमिटर लामो र ११ किलोमिटर व्यास डाइभर्सन सुरुङमार्फत कर्णाली नदीलाई सान्नी त्रिवेणी गाउँपालिका–१ अधेरीखोलामा झारिने आयोजनाले जनाएको छ।

जिल्लाको तिला नदीमा बन्ने तिला–१ र २ जलविद्युत् आयोजनाको क्षमता ८६० मेगावाट रहेको छ। तिला–१ को विद्युत् उत्पादन क्षमता ४२० मेगावाट र तिला–२ को ४४० मेगावाट विद्युत् उत्पादन क्षमता रहेको छ। खाँडाचक्र नगरपालिका–२ मा तिला–१ जलविद्युत् आयोजना निर्माण हुनेछ भने तिलागुफा नगरपालिका–५ खल्लामा तिला–२ जलविद्युत् आयोजना निर्माण हुनेछ।

दुवै आयोजनाको निर्माणको जिम्मा एससी पावर कम्पनीले लिएको छ। नेपाल विद्युत् प्राधिकरणले तिला–१ र तिला–२ जलविद्युत् आयोजनासँग विद्युत् खरीद सम्झौताका लागि समझदारी भइसकेको छ।

दुई जलविद्युत् आयोजनाको काम भने अहिले अगाडि बढ्न नसकेको खाँडाचक्र नगरपालिकाका उपप्रमुख गणेशबहादुर शाहीले बताए। यी आयोजनाबाट कालीकोटका तिलागुफा नगरपालिका, शुभकालिका गाउँपालिका, खाँडाचक्र नगरपालिका प्रभावित क्षेत्र हुने विद्युत् निर्माण एसी पावर कम्पनीका आयोजना प्राविधिक दर्बबहादुर शाहीले बताए। दुवै आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए), आयोजनाको विस्तृत अध्ययन (डिपिआर) भइसकेको र आयोजना निर्माणका लागि जग्गा अधिग्रहणको काम बाँकी रहेको आयोजनाले जनाएको छ।

कालीकोटमा उत्पादन भएको विद्युत् निकासीका लागि ४०० केभी प्रसारण लाइन निर्माण हुने भएको छ। कालीकोटदेखि दैलेख–सुर्खेत हुँदै कैलालीको लम्कीसम्म विद्युत् निकासीका लागि ४०० केभी प्रसारण लाइन जडान हुने भएको हो।

प्राधिकरणले कालीकोटमा फुकोट कर्णाली जलविद्युत् आयोजना, तिला–१ र २ लगायत माथिल्लो कर्णालीमा निर्माण हुने जलविद्युत् आयोजना निकासीका लागि ४०० केभी प्रसारण लाइन जडान गर्ने तयारी थालेको कर्णाली प्रदेशसभाका सदस्य दुर्गबहादुर रावतले जानकारी दिए। उनले भने–"यो ४०० केभी प्रसारण लाइन कालीकोट तथा कर्णालीका माथिल्लो भागमा बन्ने जलविद्युत् आयोजनाका लागि निर्माण हुन लागेको हो।"

प्राधिकरणले ४०० केभी प्रसारण लाइन जडानका लागि कालीकोटमा जग्गा खरीद गरिसकेको र लाइन जडानको अध्ययन पनि भइसकेको जनाएको छ। कालीकोटदेखि दैलेख–सुर्खेत हुँदै कैलालीको लम्कीसम्म विद्युत् निकासीका लागि ४०० केभी प्रसारण लाइन निर्माणका लागि करीब रु १६ अर्ब लगानी लाग्ने प्राधिकरणले जनाएको छ।

कालीकोटमा निर्माण हुने यी आयोजना बनेमा कालीकोट तथा कर्णालीको समृद्धिको आधार बन्ने स्थानीयले बताएका छन्। यी आयोजनाबाट कालीकोटका हजारौं युवाले रोजगार, विद्युत्मा लगानी गर्ने अवसर पाउनेछन्। जलविद्युत् आयोजनाले कालीकोट जिल्ला र कर्णाली प्रदेशका लागि समृद्धिको आधार रहेको यसको विकास गर्नका लागि अहिलेका स्थानीय, प्रदेश र सङ्घीय सरकारले कामको थालनी गर्नुपर्ने उनले बताए। "जलविद्युत्का ठूला आयोजना बन्नु कालीकोट र कर्णाली प्रदेशका लागि गौरवको विषयमा हो"– त्रिवेणी गाउँपालिकाका अध्यक्ष मोहनबहादुर केसीले भने।

जिल्लामा सञ्चालनमा रहेका र निर्माण कार्य थालिएका दर्जनौं लघु जलविद्युत् आयोजना अलपत्र अवस्थामा छन्। जिल्लाका झन्डै २० मेगावाट उत्पादन हुने सक्ने लघु जलविद्युत् आयोजनाहरू रकम अभाव, स्थानीयको विवाद र मरम्मत सम्भारको अभावलगायत कारणले अलपत्र अवस्थामा छन्।

तिलागुफा नगरपालिका फाइमहादेव नाग्मगाडस्थित ५७ किलोवाट, नरहरिनाथ गाउँपालिकाको माल्कोटको ३० किलोवाट क्षमताको उच्छव खोला लघु जलविद्युत् आयोजना, ३० किलोवाट क्षमताको तिलागुफा नगरपालिकाको छाप्रेस्थित वालिगाड खोला लघु जलविद्युत् आयोजना, तीन किलोवाट क्षमता भएको चिल्खायाको घट्टेखोला लघुविद्युत् आयोजना विद्युत् बलेर पनि मरमत सम्भारको अभावमा बन्द भएका छन्।

त्यस्तै ३० किलोवाट क्षमताको कालिका गाउँपालिकाको हाउडीगाड लघु जलविद्युत् आयोजना, ३० किलोवाटको बालिगाड खोला लघु जलविद्युत् आयोजनालगायत दर्जनौंा आयोजना रकम अभावका कारण सञ्चालनमा आउन सकेका छैनन्।

शुभकालिका गाउँपालिकाकै घट्टेगाड जलविद्युत् आयोजना (१८ किवा), थिर्पुगाड जलविद्युत् आयोजना (२० किवा), साना लघुजलविद्युत् आयोजना (१५ किवा), नरहरिनाथ गाउँपालिकाको माल्कोट लघु लघुजलविद्युत् (३० किवा) आयोजनाहरू काम अगाडि बढेको भए पनि रकम अभावका कारण शुरू हुन सकेको छैन।

हाल ५०० किलोवाटको सान्नीगाडको साना जलविद्युत् आयोजना सञ्चालनमा रहेको छ।

महावै गाउँपालिकाको गेलास्थित ७० किलोवाट क्षमताको भ्याकुनेगाड जलविद्युत् आयोजना, पचालझरना गाउँपालिकाको ७० किलोवाटको लाफा गाउँ लघु जलविद्युत् आयोजना, ५० किलोवाट क्षमता भएको शुभकालिका गाउँपालिकाको भर्तागाड लघु जलविद्युत् आयोजना पनि सञ्चालनमा आउन सकेका छैनन्।

यस्तै भर्ता, तिलागुफा नगरपालिकाको एक सय किलोवाट क्षमता भएको बच्चुगाड लघुजलविद्युत् आयोजना, ७० किलोवाट खीन, औलाखोला लघुजलविद्युत् आयोजना, ५२ किलोवाट क्षमता भएको बालीगाड लघुजलविद्युत् आयोजना, सुकाटिया अलपत्र अवस्थामा रहेका छन्।




**चीसो बढेसँगै दाउरा प्रयोग** : जङ्गलबाट सङ्कलन गरिएको दाउरा भेरी नगरपालिका–१३ कुदुतर्फ लगिँदै स्थानीय महिलाहरू। अत्यधिक चीसो बढेसँगै दाउरा प्रयोग गर्नेको सङ्ख्या बढेको छ। तस्वीरः रासस

## फरक समाचार

### दक्षिण कोरियामा 'ब्रेन इटिङ अमिबा'को पहिलो मामिला

दक्षिण कोरियामा नेग्लेरिया फाउलेरी अर्थात् 'ब्रेन इटिङ अमिबा' सङ्क्रमणको पहिलो मामिला देखिएको छ। कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसिए)ले थाइल्यान्डबाट फर्किएर मृत्यु भएका एक कोरियाली नागरिकलाई नेग्लेरिया फाउलेरी सङ्क्रमण भएको पुष्टि गरेको छ।

यो मानिसको मस्तिष्कलाई नष्ट गर्ने रोग हो। दक्षिणपूर्वी एशियाली देशमा चार महीना बिताएपछि डिसेम्बर १० मा कोरिया फर्केका ५० वर्षीय पुरुषलाई भोलिपल्ट अस्पतालमा भर्ना गरिएको थियो, जहाँ गत साता मङ्गलवार उनको निधन भएको थियो।



दक्षिण कोरियामा रिपोर्ट गरिएको यो रोगको पहिलो मामिला हो, जुन पहिलोपटक संयुक्त राज्य अमेरिकामा सन् १९३७ मा रिपोर्ट गरिएको थियो। Naegleria fowleria एक अमिबा हो, जुन सामान्यतया विश्वभरि न्यानो ताजा पानीको ताल, नदी, नहर र पोखरीहरूमा पाइन्छ। अमिबा मानिसले सासद्वारा तान्छ र त्यसपछि मस्तिष्कमा प्रवेश गर्छ।

**मानिसबाट मानिसमा फैलिने सम्भावना कम हुन्छ**

केडिसिएले नेग्लेरिया फाउलेरीको मानिसबाट मानिसमा सर्ने सम्भावना कम रहेको बताएको छ, तर स्थानीय बासिन्दाहरूलाई यो रोग फैलिएको क्षेत्रमा यात्रा नगर्न आग्रह गरेको छ। संयुक्त राज्य अमेरिका, भारत र थाइल्यान्डलगायत विश्वमा सन् २०१८ सम्म नेग्लेरिया फाउलेरीका कुल ३८१ मामिला रिपोर्ट गरिएको थियो।

### युवामा हृदयघातका घटना किन बढ्दैछ ?

यस वर्ष शारीरिक क्रियाकलाप वा जिम जाने क्रममा युवाहरूमा अचानक हृदयघात हुने क्रम बढेको छ। हृदयरोग र हृदयघातको जोखिमबाट बच्न र मुटुलाई स्वस्थ राख्नको लागि २० र ३० वर्षको उमेरमा धेरै महत्त्वपूर्ण कदमहरू चाल्नुपर्छ।

भारतमा युवाहरूमा हृदयघातका घटना तीव्ररूपमा बढेको छ। अहिले र दश



वर्षअघिका घटनालाई तुलना गर्दा अहिले हृदयघातको जोखिम पक्कै बढी छ। पारिवारिक लिपिड विकार भएका बिरामीहरूमा हृदयघात सामान्य हुन्छ, जबकि केही व्यक्तिहरूले आफ्नो परिवारबाट उच्च कोलेस्ट्रोल पाएका हुन्छन्। स्वास्थ्य विज्ञहरूका अनुसार युवाहरूमा हृदयघातको मुख्य कारण धुम्रपान रहेको छ। यो उनीहरूको २० र ३० वर्षको उमेरमा हृदयघात विकास हुने सबैभन्दा ठूलो कारण हो।

अर्को महत्त्वपूर्ण कारण अत्यधिक तनावपूर्ण जीवनशैली र अत्यधिक शारीरिक क्रियाकलापले हृदयघात निम्त्याउन सक्छ। पछिल्ला केही महीनामा जिम जानेहरूमा हृदयघातका घटनामा डरलाग्दो वृद्धि भएको छ। सिद्धान्त सूर्यवंशी र राजु श्रीवास्तव जस्ता चर्चित व्यक्तित्वको पनि जिममा व्यायाम गर्ने क्रममा हृदयघातका कारण मृत्यु भएको थियो। यी घटनाहरूले मानिसहरूलाई अचम्मित बनाएको छ कि युवाहरूलाई जिम गएपछि किन हृदयघात भइरहेको छ।

बोनात्राका चिकित्सक डा विमलले बिरामीहरूको माझ मैले नियमितरूपमा जुन कुराहरूमा ध्यान दिएको थिएँ, त्यसमध्ये एक यो हो कि जब सङ्क्रमण, ढाड दुख्ने वा तनाव जस्ता स्वास्थ्य समस्या हुँदा बिरामीहरूले आफ्नो समस्याको छोटो अवधिको उपचारको खोजी गर्ने बताए। बिरामीहरू केवल सतहीरूपमा समस्या समाधान गर्नमा ध्यान केन्द्रित गर्छन्, तर स्थितिको गहिरो बुझाइ लिन र समस्या समाधान गर्न आवश्यक जीवनशैली परिवर्तन गर्न चाहँदैनन्। मुटु स्वस्थ राख्न यी उपायहरू अपनाउनुपर्छ।

आफ्नो तनाव व्यवस्थापन गर्ने तरीकाहरू खोज्नुपर्छ। दैनिक व्यायाम गर्ने, स्वस्थ खाना खाने, धुम्रपान, बोसोयुक्त मासु र मीठो खानाको सेवन गर्नुहुँदैन। दैनिक पाँचदेखि १० हजार पाइला हिंड्नुपर्छ।

### मरीचले जाडोमा रोगबाट बचाउँछ

जाडो लाग्ने बित्तिकै घरेलु उपचार घरघरमा शुरू हुन्छ। मरीच हजारौं वर्षदेखि परम्परागतरूपमा औषधिमा प्रयोग हुँदै आएको छ, विशेषगरी आयुर्वेदमा।



महीनावारी, कान, नाक र घाँटी दुख्ने रोगमा मरीचको सेवन फाइदाजनक मानिन्छ।

मरीचको गन्ध अद्वितीय र विशेष हुन्छ। मरीचमा म्याग्नेशियम, भिटामिन सी, फस्फोरस, भिटामिन बी ६, जिङ्क, सोडियम, थायामिन जस्ता धेरै पोषक तत्त्व पाइन्छन्। मरीच जाडो मौसममा विशेष लाभदायक मानिन्छ। तर मरीचको अत्यधिक उपभोगले ग्यास्ट्रोइन्टेस्टाइनल साइड इफेक्ट अर्थात् पेटको समस्या निम्त्याउन सक्छ। त्यसैले मरीचको अत्यधिक उपभोगबाट बच्नुपर्छ।

मरीच र यसको अल्कालोइड कम्पोनेन्ट–पाइपेरिनमा एन्टी–इन्फ्लेमेटरी प्रभावहरू र सम्भावित क्यान्सरसँग लड्ने गुणहरू हुन्छन्। त्यसका धेरै स्वास्थ्य लाभ पनि छन्। जाडोमा मरीच किन खानुपर्छ जानौं। जाडो मौसममा खोकी लाग्नु वा घाँटी दुख्नु सामान्य मानिन्छ। मरीचमा हाम्रो शरीरमा कफको प्रवाहलाई नियन्त्रण गर्ने र कफलाई बाहिर निकाल्ने क्षमता पनि हुन्छ, जसले खोकी जस्ता समस्याबाट छिट्टै राहत दिन्छ। मरीच खानाले पाचनमा मदत गर्छ। वजन घटाउन मदत गर्दछ। जोर्नी दुखाइ कम गर्छ। रगतमा चिनीको मात्रा नियन्त्रण गर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## जापानमा तीन महीनामा चार मन्त्री फेरबदल

टोकियो, १२ पुस/एएफपी

आर्थिक अनियमितताको आरोप लागेपछि जापानका पुनर्निर्माण मन्त्रीले मङ्गलवार राजीनामा दिएका छन्।



मन्त्रालयबाट बाहिरिंदै पुनर्निर्माण मन्त्री केन्या अकिबा। तस्वीरः एएफपी

प्रधानमन्त्री फुमियो किशिदाको मन्त्रिमण्डलबाट तीन महीनामा राजीनामा दिने यिनी चौथो मन्त्री हुन्।

आफ्ना सहयोगी, पत्नी र आमालाई गैरकानूनी राजनीतिक भुक्तानी गरेको आरोपमा आलोचना खेपिरहेका पुनर्निर्माणमन्त्री केन्या अकिबाले पत्रकारहरूसँग भने–"मलाई विश्वास छ, मेरो कार्यमा कुनै अवैधता छैन।"

उनले भने–"तर बजेट र अन्य विधायिकी कार्यसूचीको काम कारबाही रोकियोस् भन्ने मेरो चाहना नरहेकोले पदबाट राजीनामा दिएको छु।"

किशिदाले आफ्नो कार्यकालको सबैभन्दा कम अनुमोदन रेटिङको सामना गरिरहेका बेला उनको मन्त्रिमण्डलका चौथो व्यक्तिको राजीनामा आएको हो।

सांसदहरू र एकीकृत चर्च सम्प्रदायबीचको सम्बन्धबारे एकपछि अर्को घोटाला र खुलासा भएपछि क्याबिनेटप्रति नागरिकको मोहभङ्ग भएको हो।

गत महीना आन्तरिक मामिला मन्त्रीले चुनावी अभियानको आर्थिक अनियमितताको आरोपमा राजीनामा दिएका थिए।

उनको 'लो प्रोफाइल' कामले मृत्युदण्डको सजाय स्वीकृत गर्दा सञ्चारमाध्यममा कभरेज मात्र सिर्जना गरेको भन्दै न्यायमन्त्रीले राजीनामा दिएका थिए।

अक्टोबरमा आर्थिक पुनरुत्थान मामिला मन्त्रीले एकीकृत चर्चसँग सम्बन्ध रहेको आरोपपछि राजीनामा दिएका थिए।

पूर्व प्रधानमन्त्री शिन्जो आबेको हत्याको आरोप लागेका व्यक्तिले आफ्नी आमाले प्रधानमन्त्री, पूर्व प्रधानमन्त्री आबेसमेतको संलग्नता रहेको, चर्चले आफ्नो परिवारलाई आर्थिकरूपमा निकै कमजोर बनाएको भन्दै सङ्गठनप्रति आक्रोश व्यक्त गरेको समाचार सार्वजनिक भएपछि यो सम्प्रदाय चर्चामा आएको थियो।

आधिकारिकरूपमा विश्व शान्ति र एकीकरणका लागि पारिवारिक महासङ्घको रूपमा चिनिने चर्चले कुनै पनि गलत काम गरेको अस्वीकार गरेको छ।

किशिदाको क्याबिनेटको अनुमोदन रेटिंग ३० प्रतिशत, तथाकथित 'खतराको स्तर' को नजीक रहेको छ, र जनवरीमा संसद्को अर्को सत्र शुरू हुनुअघि उनले आफ्नो मन्त्रिमण्डल पुनर्गठन गर्न सक्ने अनुमान गरिएको छ। रासस

## चीनमा विदेशी पर्यटकको आगमनमा लगाइएको प्रतिबन्ध अन्त्य

बेइजिङ, १२ पुस/सिन्हवा

चीनमा विदेशी पर्यटकको आगमनमा लगाइएको प्रतिबन्ध अन्त्य गरिएको छ।

चीनले जनवरी ८ देखि शुरू हुने अन्तर्राष्ट्रिय आगमनका लागि न्युक्लिड एसिड परीक्षण रद्द गर्ने चिनियाँ विदेश मन्त्रालयको वेबसाइटमा मङ्गलवार जारी विज्ञप्तिमा उल्लेख छ। यद्यपि चीन भ्रमणमा आउने यात्रुले चीन प्रस्थान गर्नुभन्दा ४८ घण्टाभित्र पिसिआर परीक्षण गर्नुपर्ने र यसको रिपोर्ट साथमा राख्नुपर्नेछ। कोभिड सङ्क्रमण भएका व्यक्तिलाई रिपोर्ट नेगेटिभ नआएसम्म आफ्नो यात्रा स्थगित गर्न सल्लाह दिइएको छ।



तस्वीरः सिन्हवा

चिनियाँ कूटनीतिक तथा कन्सुलर नियोगबाट स्वास्थ्य कोडका लागि यात्रुले आवेदन दिन आवश्यक छैन। उनीहरूले भन्सार कार्डमा आफ्नो स्वास्थ्य अवस्थाको घोषणा गर्ने विज्ञप्तिमा उल्लेख छ। असामान्य स्वास्थ्य अवस्था घोषणा वा ज्वरोको लक्षण भएका व्यक्तिहरूले भन्सारमा एन्टिजेन परीक्षण गर्नुपर्नेछ। उनीहरूको स्वास्थ्य अवस्था हेरेर निको नहुन्जेल घरमैं एकान्तमा बस्न वा अस्पतालमा उपचार गर्न सल्लाह दिइने बताइएको छ। रासस

## दक्षिण कोरियाका पूर्वराष्ट्रपति लीको जेल सजाय मिनाहा

सियोल, १२ पुस /सिन्हवा

दक्षिण कोरियाका पूर्वराष्ट्रपति ली म्युङ–बाकका साथै केही अन्य राजनीतिज्ञ र पूर्व सरकारी अधिकारीको जेल सजाय मिनाहा गरिएको छ।



पूर्वराष्ट्रपति ली म्युङ–बाक

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्दै मङ्गलवार पूर्वराष्ट्रपति ली म्युङ–बाकसहित ती अधिकारीको जेल सजाय 'विशेष परिस्थिति' भन्दै मिनाहा गरिदिएका हुन्।

सन् २०१३ को फेब्रुअरीसम्म पाँच वर्ष राष्ट्रपतिको जिम्मेवारी सम्हालेका लीलाई सन् २०२० को अक्टोबरमा घूस खोरी र अनियमितता गरेको अभियोगमा १७ वर्षको जेल सजाय सुनाइएको थियो।

बुधवारदेखि लागू हुनेगरी जेल जीवनलाई 'विशेष मिनाहा' गरी बाँकी १५ वर्षको जेल सजायबाट छुट दिइने छ।

गत मे महीनामा पदभार ग्रहण गरे यता युनले राष्ट्रपतिका रूपमा दोस्रोपटक पूर्व सरकारी अधिकारीहरूलाई क्षमादान दिएका हुन्। रासस


घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय



**नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना**

वीरगंज–पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज–पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ। साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारु हुने बेहोरा अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रिड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र



**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## अर्थतन्त्र पुनरुत्थान सरकारको पहिलो प्राथमिकता –प्रधानमन्त्री दाहाल

काठमाडौं, १२ पुस/रासस

नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अर्थतन्त्रको पुनरुत्थान सरकारको पहिलो प्राथमिकता भएको बताएका छन्। उनले मन्त्रिपरिषद्को पहिलो बैठकबाट यस सम्बन्धमा विशेष निर्णय भइसकेको बताएका छन्।



नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई उनको निवास खुमलटारमा मङ्गलवार बधाई तथा शुभकामना दिएपछि प्रमसँग नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छालगायत पदाधिकारी। तस्वीरः रासस

आज नेपाल उद्योग वाणिज्य महासङ्घको पदाधिकारी प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले अर्थतन्त्रको संवेदनशील अवस्थाका सम्बन्धमा निजी क्षेत्रको चासो र चिन्तालाई आफूले सम्मान गर्ने पनि बताए। "महासङ्घ अर्थतन्त्र जोगाऔं भन्ने अभियानमा लागेको छ, यति बिहानै भेटघाटका लागि आउनुभयो, त्यही विषयमा तपाईंहरू चिन्तित हुनुहुन्छ र समस्या समाधानका लागि भनिरहनुभएको छ, सरकारले यसलाई गम्भीररूपमा लिन्छ," प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै महासङ्घले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

प्रधानमन्त्रीको निजी निवास खुमलटारमा भएको भेटमा मुलुकको अर्थतन्त्रको पुनरुत्थानबारे विचारविमर्श भएको महासङ्घको भनाइ छ। महासङ्घ अध्यक्ष शेखर गोल्छाले नवनियुक्त प्रधानमन्त्रीलाई सिङ्गो निजी क्षेत्रका तर्फबाट बधाई एवं शुभकामना दिंदै अर्थतन्त्रको वर्तमान अवस्थाबारे अवगत गराएका थिए।

प्रधानमन्त्री प्रचण्डले महासङ्घका तर्फबाट यसअघि दिइएको सुझाव अध्ययन पनि गरिरहेको र यस विषयमा अर्थ मन्त्रालय, राष्ट्र बैंक र निजी क्षेत्रलाई पनि राखेर छिट्टै समस्या समाधानमा पहल गर्ने विश्वास व्यक्त गरे।

महासङ्घका अध्यक्ष गोल्छाले प्रधानमन्त्री आफैं पनि मुलुकको आर्थिक अवस्था, उद्योग–व्यवसायको अवस्थाका बारेमा जानकार रहेकाले यसअघि पनि अर्थतन्त्रको संवेदनशीलताका विषयमा जानकारी गराएको स्मरण गराए।

उनले उद्योग–व्यवसाय सञ्चालनमा सबैभन्दा बढी समस्याको रूपमा देखा परेको चालू पूँजी कर्जा मार्ग निर्देशन कम्तीमा दुई वर्ष स्थगन गर्न र हाल देखिएको तरलता सङ्कुचनको समस्या समाधान गर्न केन्द्रीय बैंकले सबै मौद्रिक उपकरणको प्रयोग गर्नुपर्ने सुझाव राखे।

मुलुकको अर्थतन्त्र अति संवेदनशील अवस्थामा रहेकाले नयाँ सरकारको सिङ्गो ध्यान अर्थतन्त्रको पुनरुत्थानमा जानुपर्नेमा अध्यक्ष गोल्छाको जोड थियो।

## राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको मिति तोक्ने तयारी

काठमाडौं, १२ पुस/रासस

निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनको तयारी शुरू गरेको छ। राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ बमोजिम राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महीनाअघि निर्वाचन हुनेगरी निर्वाचनको मिति तोक्नुपर्ने भएकाले आन्तरिक छलफल शुरू भएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए। निर्वाचनको मिति तोकी नेपाल सरकारलाई दिनुपर्ने व्यवस्था छ। वर्तमान राष्ट्रपतिको कार्यकाल आगामी फागुन २९ मा सकिने भएकाले आयोगले माघ २८ गतेभित्र निर्वाचन गराउने तयारी गरेको हो। नेपालको संविधानको धारा ६३ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यकाल निर्वाचित भएको मितिले पाँच वर्ष तोकिएको छ।

संविधानको धारा ७० बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिङ्ग वा समुदायबाट प्रतिनिधित्व हुनुपर्ने भएकाले दुवै पदको एकैपटक नभई फरक–फरक मितिमा निर्वाचन हुनेछ।

यस निर्वाचनमा सङ्घीय संसद् (३३४) र प्रदेशसभाका सदस्य (५५०) मतदाता हुनेछन्। मुलुकको विद्यमान जनसङ्ख्या अनुसार यी पदको निर्वाचनका लागि सङ्घीय संसद्का प्रतिसदस्यको मतभार ७९ र प्रदेशसभाका प्रतिसदस्यको मतभार ४८ हुनेछ।

आयोगले गत मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको परिणामसहितको प्रतिवेदन गत मङ्सिर २९ गते प्रतिवेदन बुझाएको थियो। राष्ट्रपतिको आह्वान बमोजिम दुईभन्दा बढी दलको समर्थनमा यही पुस १० गते नयाँ सरकार गठन भइसकेको छ।





राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा सम्पादन गर्नुपर्ने कामका लागि आयोगले न्यायपरिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गर्नेछ।

निर्वाचनमा उम्मेदवार हुन सङ्घीय संसद्को सदस्यका लागि हुनुपर्ने योग्यताका साथै कम्तीमा ४५ वर्ष उमेर पूरा भएको हुनुपर्ने तथा कुनै कानूनले अयोग्य नभएको व्यक्ति हुनुपर्नेछ।

निर्वाचनमा मनोनयनका लागि मतदाता नामावलीमा नाम समावेश भएका पाँचजना प्रस्तावक र पाँचजना समर्थक आवश्यक पर्ने कानूनी व्यवस्था छ।

## धोबिनीको सार्वजनिक जग्गा प्रकरणमा अख्तियारको चासो

प्रस, वीरगंज, १२ पुस/

पर्साको धोबिनी गाउँपालिका–३ गुलरियामा रहेको सार्वजनिक जग्गामा अख्तियारले चासो देखाएको छ।

तत्कालीन हरिहरपुर गाविस–९ र हाल धोबिनी गापा–३ गुलरियामा रहेको चार बिघा सार्वजनिक जग्गालाई भूमाफियाहरूले आफ्नो नाउँमा दर्ता गराएपछि अख्तियारले छानबीन गर्न मेन्टेनेन्स नापी शाखा, पर्सालाई पत्राचार गरेको छ।

प्राप्त जानकारी अनुसार तत्कालीन हरिहरपुर गाविस–९ मा रहेको कित्ता नं ४०७ को एक बिघा १० कट्ठा १० धुर, कित्ता नं ४२३ को एक बिघा १८ कट्ठा १४ धुर जग्गा विसं २०२२ को नापीमा नदी तथा बालुवा लेखिएको थियो।

सार्वजनिक जग्गालाई भूमाफियाहरूले किर्ते गरेर व्यक्तिविशेषको नाममा नामसारी गराएको घटना सार्वजनिक भएपछि यसमा अख्तियारले चासो देखाएको छ।

मुर्ली निवासी सन्देश यादवले भूमाफियाहरूको चलखेलमा सो जग्गाको किर्ते कागजात तयार पारिएको र विसं २०७२ मा कालिकामाई गापा निवासी असर्फी ठाकुरको नाममा जग्गा नामसारी भएको बताए। उनले गाउँको सार्वजनिक जग्गा जोगाउनका लागि स्थानीयको सक्रियतामा चन्दा सङ्कलन गरेर पर्सा जिल्ला अदालतमा रिट दायर गरिएको बताए। यादवले सार्वजनिक सम्पत्तिको खोजनिती पालिकाले गर्नुपर्नेमा चासो नदेखाइएपछि स्थानीय सक्रिय भएको बताए।

### सवारीसाधन कारबाहीबाट ...

गुमाउनेको सङ्ख्या लगातार बढ्दै गएको ट्राफिक प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ। आव २०७६/७७ मा १८४ वटा सवारी दुर्घटना भएकामा ५० जनाको ज्यान गएको थियो। त्यस्तै, आव २०७७/७८ मा ६०० वटा सवारी दुर्घटना भएकामा ६२ जनाले ज्यान गुमाएको र आव २०७८/७९ मा ८४६ वटा सवारी दुर्घटना हुँदा ७९ जनाको ज्यान गएको ट्राफिक प्रहरीको तथ्याङ्कमा उल्लेख छ।

जिल्लामा सडक र सवारी दिन प्रतिदिन असुरक्षित बन्दै गएको रौतहट सर्लाही यातायात प्रालिका अध्यक्ष राजकुमार मैनालीले बताए।

सवारी दुर्घटना न्यूनीकरण गर्न सरोकारवाला निकाय बढी जिम्मेवार बन्नुपर्ने नागरिक अगुवा शिवचन्द्र चौधरीको भनाइ छ।

साँघुरा सडक, सडकको दुरवस्था, लापरवाहीपूर्ण यातायात सञ्चालन र सवारीसाधनको चापका कारण सवारी दुर्घटना हुने गरेको पाइएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी व्यवस्थापन कार्यालय मधेस प्रदेशका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले बताए। उनका अनुसार सडकमा हुनुपर्ने सचेतना र सूचना पाटी, सडक लाइनिङसमेत नदेखिने अवस्थामा रहँदा दुर्घटनाको जोखिम बढेको हो।

दुर्घटना न्यूनीकरणका सम्पूर्ण उपाय अवलम्बन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, सर्लाहीका प्रमुख प्रहरी निरीक्षक कार्कीको भनाइ छ। उनका अनुसार दुर्घटना न्यूनीकरण गर्न सडकमैं सचेतना कार्यक्रम चलाउनेदेखि विद्यालयमा ट्राफिक नियमसम्बन्धी कक्षा लिने गरिएको छ। दुर्घटना नियन्त्रण गर्न नियमित र आकस्मिक सवारी चेकजाँचसँगै ट्राफिक नियमविपरीत सञ्चालित सवारीसाधनहरू र तिनका चालकहरूलाई नियम अनुसार दण्ड–जरिवानासमेत गर्ने गरिएको उनले बताए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – यात्रालाभ |
| मिथुन – कडाश्रम | कर्कट – चोरभय |
| सिंह – भयचिन्ता | कन्या – विजय |
| तुला – धनखति | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# बिलबीजकभन्दा बढी सामान बोकेको ट्रक नियन्त्रणमा

प्रस, वीरगंज, १२ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी सामान बोकेर वीरगंजबाट कास्कीतर्फ गइरहेको एउटा ट्रकलाई नियन्त्रण लिएर मङ्गलवार राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको छ।

जिप्रका, पर्साले वडा प्रहरी कार्यालय, बिर्ताको गस्ती टोलीले सोमवार मध्यरातमा वीरगंज महानगर–१० आदर्शनगरबाट प्र.२–०३–००१ ख ३६९४ नम्बरको मालवाहक ट्रक चेकजाँच गर्दा सोमा लोड खुद्रा कपडा, औषधि लगायतका सामानहरू बिलबीजकभन्दा बढी रहेको पाइएपछि आवश्यक कारबाहीको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरिएको जनाएको छ। बिलबीजकमा ती सामानहरू करीब ५५ लाख १२ हजारको रहेको देखिएको तर ट्रकमा सो मूल्यभन्दा बढीका सामानहरू रहेका कारण चलान गरिएको जिप्रका, पर्साले जनाएको छ।

यसैगरी, जिप्रका, पर्साले भन्सार छली भित्र्याइएका दुई टचाक्टर गहुँ, चामल र धान आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालय चलान गरेको छ।

पुस १० गते दिउँसो वीरगंज महानगर–१७ तिलावे पुलनजीकको सडकखण्डबाट ना.६त ४२०४ र ना.७त ५२५१ नम्बरका टचाक्टर रोक्ने क्रममा चालकहरू फरार भएका र बरामद गहुँ, चामल र धान नियन्त्रणमा लिएर भन्सार कार्यालय चलान गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ। दुईवटा टचाक्टरबाट चार हजार ८०० किलो चामल र तीन हजार ९०५ किलो धान र नौ हजार किलो गहुँ बरामद भएको जिप्रका, पर्साले जनाएको छ।

यसैगरी, पुस १० गते भन्सार छली भित्र्याइएका ४८ थान मोबाइलसहित एकजना युवकलाई प्रहरीले वीरगंज भन्सार कार्यालय चलान गरेको छ। वीरगंज–८ घण्टाघर लिङ्करोडमा भारतबाट भित्र्याइएको भन्सार छलीका मोबाइलसहित वीरगंज–७ बस्ने ३० वर्षीय रोशन जाटियालाई पक्राउ गरिएको जिप्रका, पर्साले जानकारी गराएको छ। बरामद मोबाइलसहित जाटियालाई थप कारबाहीको लागि भन्सार चलान गरिएको जिप्रका, पर्साले जनाएको छ।



# अन्सारी हत्याकाण्डको रहस्य खुल्यो

प्रस, महोत्तरी, १२ पुस/

महोत्तरी, सम्सीका खुर्शेद अन्सारी हत्या प्रकरणको रहस्य खुलासा भएको छ। आफू काम गर्ने मासुपसलका मालिकले खसीको मासुको हिसाबको निहुँमा चरम यातना दिएर हत्या गरेको खुलासा भएको हो।

सम्सी गाउँपालिका वडा नं २ का ३७ वर्षीय खुर्शेद अन्सारी बितेको बुधवार सोही स्थानमा आफू काम गर्ने पसलमा अचेत भएको भन्दै पसलधनी शेख अब्दुस सलामले अर्धचेत अवस्थामा घरमा ल्याइदिएका थिए। अन्सारीको उपचारका क्रममा जनकपुरको जानकी हेल्थ केयरमा उपचारको क्रममा आइतवार मृत्यु भएको थियो।

अरू दिनभन्दा बिहानै काम गर्न हिंडेका उनी एकाएक बेहोश अवस्थामा चोटपटकसहित फेला पर्नु र उनमा देखिएको चोटको प्रकृतिले घटना रहस्यमयी थियो। परिवारले अन्सारीको हत्या भएको भन्दै प्रहरीमा उजुरी दियो। प्रहरीको अनुसन्धानबाट उनको हत्या नै भएको र त्यो हत्या पसलको साहुले गरेको कुरा खुलासा भएको हो। "एउटा सानो निहुँमा अन्सारीको हत्या भएको रहेछ" अनुसन्धानमा खटेका एक प्रहरी अधिकारीले बताए। काम गर्ने मासुपसलका साहुले एउटा खसीको मासु बिक्रीको हिसाब नबुझाएको भनी निर्मम कुटपिट गरेर अन्सारीको हत्या गरेका हुन्।

हत्याको कारण तथा रहस्य अभियुक्तहरूले नै खिचेको भिडियोबाट खुलासा भएको हो। अन्सारी, सलामको पसलमा मासिक १५ हजार रुपैयाँ लिएर काम गर्थे। बुधवार सलामले बिहानै बोलाएका थिए। बोलाएर जबरजस्ती लागूऔषध खुवाएर कुटपिट गरेको भिडियोबाट देखिन्छ। पसल साहु सलामले आफ्ना सहयोगी साबिर शेखलाई सम्पूर्ण घटनाको भिडियो खिच्न लगाएका थिए। अन्सारीलाई यातना दिन सलामले अर्को सहयोगी जिन्वा शेखको पनि सहयोग लिएको देखिन्छ।

शेखले खिचेको भिडियोमा अन्सारीलाई कपडा खोलेर मलद्वारमा पेट्रोल खन्याइ आगो लगाइदिएको, मलद्वारमा उखुको लौरो घुसाएको र निर्मम कुटपिट गरेको स्पष्ट देखिन्छ। भिडियोमा मासुपसलमा काटेर बिक्री गरिएको खसीको हिसाब सलामले मागेका छन्। उनले पसलको सामान चोरी गरेको आरोप पनि लगाएका छन्। अन्सारीले भने आफूले पसलको कुनै सामान चोरी नगरेको र खसीको मासु बिक्रीको सम्पूर्ण हिसाब बुझाउँछु भनेको सुनिन्छ।

आफ्नै पसल चलाएका अन्सारी लगानी गर्ने रकम अभाव र आम्दानी कम हुन थालेपछि सलामको मासुपसल साथै किरानापसलमा काम गर्थे। खसी काट्ने काम गर्ने सम्झौतासहित मासिक १५ हजार दिने भनिए पनि उनले साहुको घरमा चिया, खाना बनाउनेसम्मको काम गर्दै आएका थिए।

मृतक सलामको मलद्वारमा खुर्सानी, फर्निचरको धूलो र टमाटरसमेत कोचेको फेला परेको मृतकका भाइ मोहम्मद जमसेद अन्सारीले बताए। करीब १२ घण्टासम्म चरम यातना दिई शरीरका विभिन्न भागमा करेन्ट लगाएको र अनुहारमा चोटैचोट रहेको उनले बताएका छन्।

मृतक अन्सारीको परिवारमा हजुरआमा, पत्नी र छजना सन्तान छन्। परिवार चलाउने मुख्य अभिभावकको निधन भएपछि उनीहरू बिचल्लीमा परेका छन्। इलाका प्रहरी कार्यालय, गौशालाले मुख्य अभियुक्त अब्दुस सलामलाई पक्राउ गरेको छ।

पक्राउ परेका अब्दुसमाथि ज्यान मार्ने उद्योग र अमानवीय व्यवहार मुद्दा चलाइएको प्रहरी निरीक्षक रञ्जन मिश्रले जानकारी दिए। हत्यामा संलग्न अरू दुई अभियुक्तको खोजी भइरहेको प्रहरीले जनाएको छ। अभियुक्त अन्सारीको पृष्ठभूमि यसअघिदेखि नै विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको जिल्ला प्रहरी कार्यालय, महोत्तरीको रेकर्डबाट पुष्टि भएको छ।




**वैदेशिक रोजगारीमा जाँदा सचेत रहौं**

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं।
- आधिकारिक कागजात नहुँदा वैदेशिक रोजगारमा जाने कामदारहरूले:
  - करारबमोजिम काम र सुविधा नपाउने,
  - विदेशी भूमिमा पीडित बन्नुपर्ने,
  - कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
  - ज्यानसमेत गुमाउनुपर्नेलगायतका अवस्था आउन सक्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## मेयरकप टी–२० विजेतालाई नगदसहित सम्मान

दिनेश मिश्र, वीरगंज, १२ पुस/

पोखरिया नगरपालिकाले मेयरकप टी–२० को उपाधि जितेको टोलीलाई आज नगदसहित सम्मान गरेको छ।

चौथो मेयरकप टी–२० को उपाधि हिजो पोखरिया नगरपालिकाको टीमले जितेको थियो। नगरप्रमुख प्रद्युम्न चौहानले नगरपालिकाको तर्फबाट एक लाख नगदसहित प्रमाणपत्र, खादा, अबिर टीका लगाएर खेलाडीहरूलाई सम्मान गरेका थिए।



टीमका क्याप्टेन सीमानन्द चौहान, उपेन्द्र चौहान, विकास दास, सरोज चौहान, विकास साह, मनिफ दास, नितेश चौधरी, अभिषेक पण्डित, सराजुल, इर्शाद, दीपक मिश्रलगायतलाई सम्मानित गरिएको थियो।

यसैगरी, नगरप्रमुख चौहानले पोखरिया नगरपालिकाबाट विभिन्न चरणमा खेलकूदमा सहभागी भएर पुरस्कृत भएका खेलाडीहरूलाई पनि नगदसहित सम्मान गरेका थिए। पोखरिया–६ श्रीसिया निवासी नौऔं राष्ट्रिय कुश्ती प्रतियोगितामा स्वर्णपदक पाएका उमेश ठाकुर हजाम, वडा नं १० शिबर्वाका बलिराम यादव, मधेस प्रदेश नौऔं राष्ट्रिय कुश्ती प्रतियोगितामा स्वर्णपदक ल्याएका राज यादवसमेतलाई जनही सात हजार नगद र खादा, अबिर टीका लगाएर सम्मानित गरेका थिए। सो अवसरमा नगरप्रमुख चौहानले खेलाडीहरू देशका गहना भएको बताए। उनले स्थानीय र राष्ट्रियस्तरमा पोखरियाको नाम उच्च पारेका खेलाडीहरूलाई सम्मानित गर्न पाउँदा आफू हर्षित भएको बताए। उनले खेलाडीहरूको मनोबल उच्च पार्ने र खेलकूदका लागि आवश्यक पर्ने सबैखाले सहयोग गर्ने आश्वासन दिए।

## नेपाल टी-२० क्रिकेट लिग : लुम्बिनीले पोखरालाई हरायो

काठमाडौं, १२ पुस/रासस

राजधानीमा जारी पहिलो संस्करणको नेपाल टी–२० क्रिकेट लिग प्रतियोगिता अन्तर्गत आज भएको पहिलो खेलमा लुम्बिनी अल स्टार विजयी भएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनी अल स्टारले पोखरा एभेन्जर्सलाई तीन विकेटले पराजित गरेको हो। पोखराले दिएको १३४ रनको लक्ष्य लुम्बिनीले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो।

लुम्बिनीको जीतमा कुशल भुर्तेलले सर्वाधिक ३९ रन बनाए भने साडले भान स्काल्कविकले अविजित ३१ रन बनाए। साथै उन्मुक्त चन्दले २२, अनिल शाहले १९ तथा गुलसन झाले १० रन जोडे।

बलिङतर्फ पोखराका विपिन खत्री र कुशल मल्लले समान दुई/दुई विकेट लिए भने प्रतीश जिसी, अभिमन्यु मिथुन र जाहिर खानले समान एक/एक विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १३३ रन बनाएको थियो। पोखराका लागि कुशल मल्लले सर्वाधिक ६१ रनको योगदान दिए। उनले ३१ बल खेल्दै पाँच छक्का र पाँच चौकाको मदतमा ६१ रन बनाएका थिए। त्यसैगरी, उपुल थरङ्गाले ४२ रन जोडे भने विपिन खत्रीले नौ तथा आशिफ शेखले छ रन जोडे। बलिङतर्फ लुम्बिनीका साडले भान स्काल्कविकले तीन विकेट लिए भने किशोर महतो र गुलसन झाले समान दुई/दुई विकेट लिए। त्यस्तै, हरमित सिंह र सागर ढकालले समान एक/एक विकेट लिए। यस जीतसँगै लुम्बिनीले जारी प्रतियोगितामा तेस्रो जीत दर्ता गराएको छ। लुम्बिनीले छ अङ्क जोड्दै अङ्कतालिकाको शीर्ष स्थानमा उक्लिएको छ। त्यस्तै, समान तीन खेल खेलेको पोखरा तीनै खेलमा पराजय भोग्दै अङ्कविहीन छ। पोखरा अङ्कतालिकाको अन्तिम स्थानमा छ। प्रतियोगितामा विभिन्न छ टोलीको सहभागिता छ।

# जाडो छल्न न्यानो कपडा वितरण

प्रस, रक्सौल, १२ पुस/

चीसो बढेसँगै चीसोबाट राहत प्रदान गर्नका लागि सङ्घसंस्थाहरूले पनि सक्रियता देखाउन शुरू गरेका छन्।



चीसोबाट जोगिनका लागि यसअघि यो मौसममा विभिन्न संस्थाहरूले गरीब, दीनदुःखी, फूटपाथमा रात बिताउनेहरूलाई न्यानो कपडाहरू वितरण गर्दै आएका थिए। यसै क्रममा रक्सौल बजारमा कपडा बैंकका संस्थापक राजकुमार गुप्ताले हिजो सोमवार राति ब्ल्याङ्केट वितरण गरे।

चीसो मौसममा रक्सौल बजार घुमेर उनले फूटपाथमा कठ्याङ्ग्रिएर बसेका ६० जनालाई ब्ल्याङ्केट वितरण गरे।

संस्थापक गुप्ताले मानवसेवाको कार्यमा आफ्नो सक्रियता सकुन्जेलसम्म कायम राख्ने बताए। उनले सामाजिक कार्यमा सबैको सहयोग आवश्यक हुने बताउँदै आफ्नो क्षमता र सामर्थ्य अनुसार गरीब, दीनदुःखीलाई मदत गर्न आह्वान पनि गरे।

कार्यक्रममा मिन्टु सिंह, जय गुप्ता, राम प्रसाद आदिले सहयोगी भूमिका निभाएका थिए।

# पोखरिया नगर विकास आयोजनाबारे छलफल

प्रस, पोखरिया, १२ पुस/

पर्साको पोखरिया नगरपालिकामा मङ्गलवार नगर विकास तथा राष्ट्रिय आयोगको आयोजना सम्बन्धमा सर्वदलीय बैठक सम्पन्न भएको छ।




नगरप्रमुख प्रद्युम्नप्रसाद चौहानको अध्यक्षतामा सम्पन्न बैठकमा उपप्रमुख रूबीकुमारी ठाकुर, प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार, वडा अध्यक्षहरू लक्ष्मण साह कानू, महेन्द्र महतो चाई, रामप्रवेश महतो चाई, परमानन्दप्रसाद कुर्मी, नौशाद आलम, सोनालाल साह गोडलगायत कार्यपालिका सदस्यहरूको सहभागिता थियो। बैठकले नगर क्षेत्रको खानेपानी, बजार व्यवस्थापन, अटो तथा ईरिक्शा पार्क व्यवस्थापन, धार्मिकस्थलहरूको संरक्षण एवं जीर्णोद्धार र व्यवस्थापनलगायतका विषयमा छलफल भएको थियो।

त्यसैगरी नगर क्षेत्रका विद्यालय र शैक्षिक सुधारबारे छलफल र निर्णयहरूसमेत भएको नगरपालिकाको कार्यालयले जनाएको छ।